**शुभकामना सन्देश**

२०७२ फागुन २५ गते

काठमाण्डौ

संसारभरका महिलाहरु ‘समानताको लागि संकल्प’ (Pledge for Parity, Planet 50-50 by 2030: Step It Up for Gender Equality) को नारा सहित सन् २०१६ को १०६औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मार्च ८ मा मनाइरहँदा हामी सम्पूर्ण नेपाली महिलाहरुका तर्फबाट नेपालमा समावेशी लोकतन्त्रलाई संस्थागत गर्दै सम्मुनतः राष्ट्रनिर्माणमा अग्रसर हुन आम नेपाली जनतामा हार्दिक अपिल गर्दछौं । संक्रमणकालमा पटक पटक देखा परिरहेका राष्ट्रिय संकटमा समावेशी संवाद प्रक्रिया मार्फत् समस्याको निकास पहिल्याउँदै राजनीतिक, लैङ्गिक, जातीय, क्षेत्रीय र सांस्कृतिक सम्बन्धहरु संविधान सभा मार्फत जारी भएको नयाँ संविधानको प्रभावकारी कार्यान्वयन मार्फत् पूर्नभाषित हुने अपेक्षा राख्दछौं । नेपालको इतिहासमै प्रथम पटक महिला राष्ट्रप्रमुख र महिला सभामुख निर्वाचित भई नयाँ संविधान कार्यान्वयनको चरणलाई नेतृत्व दिइरहेको ऐतिहासिक सन्दर्भमा निकट भविष्यमै राज्यको अर्को अङ्ग न्यायपालिकाले पनि इतिहासकै पहिलो महिला प्रधानन्यायाधीश प्राप्त गर्ने अवस्था केवल एक संयोगमात्र नभई नेपाली समाज  राज्यको आमुल चरित्रमा दीर्घकालीन परिवर्तनको द्योतक हुनेछ भन्ने अपेक्षा गर्दछौं । साथै, लैङ्गिक, भाषिक, जातीय, सामुदायिक र क्षेत्रिय विभेद अन्त्य भई समानता र सामाजिक न्यायको सिद्धान्तमा आधारित सच्चा समावेशी लोकतन्त्र आम नेपाली जनता र महिलाहरुले अनुभव गर्न पाउने अपेक्षा राख्दै यस दिवसका अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**NTTP महिला समूह**

पुष्पा भुषाल, राधा ज्ञवाली, शशी श्रेष्ठ, जयपूरी घर्ती, शेहनाज रेहमान, राधा कायस्थ, शारदा पोखरेल, दुर्गा सोव, स्टेला तामाङ्ग, सजना महर्जन

नेपाल शान्ति प्रतिष्ठान